भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ४०औं बैठकका निर्णयहरु

मिति : २०८१/१२/०७ गते

नगर कार्यपालिकाको ४०औं बैठकका प्रस्तावहरु

१) प्रस्तावित चरिकोट बसपार्कको संक्षिप्त वातावरणीय अध्ययन स्वीकृत सम्वन्धमा ।

२) प्रस्तावित चरिकोट बसपार्कको निर्माण प्रक्रिया अगाडि बढाउने सम्वन्धमा ।

३) स्वास्थ्य पूर्वाधारको लागि प्राप्त बजेट बिनियोजन सम्वन्धमा ।

४) मुहान दर्ता सम्वन्धमा

५) स्थानीय तहको पूर्वाधार आयोजना सन्चालन गर्न सरकारी जग्गा उपयोग तथा लिजमा लिने सम्वन्धमा ।

६) सामुदायिक वनहरुको कार्ययोजना अद्यावधिक गर्ने सम्वन्धमा

७) सि.नं. ६९ को पशुपन्छी औषधी खरिद र सि.नं. ७० को कृतिम गर्भाधान उपकरण खरिदबाट बचत हुन आएको रकम सम्वन्धमा ।

८) किसान सूचीकरण सम्वन्धमा

९) एक वडा एक कृषि उत्पादन कार्यक्रम सम्वन्धमा

१०) तपसिलका कार्यविधि स्वीकृत सम्वन्धमां ।

क) कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८१

ख) भीमेश्वर नगरपालिकाको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

११) आयोजना तथा कार्यक्रम शिर्षकान्तर/रकमान्तर सम्वन्धमा

१२) विविध सम्वन्धमा

क) पशुपति मन्दिर आयोजना सम्पन्न गर्न थप बजेट व्यवस्थापन सम्वन्धमा ।

ख) रक क्लाम्बिंग महोत्सवमा आर्थिक सहयोग (सोक्लाश्वरी पर्यटन विकास समाज) सम्वन्धमा ।

ग) मनसुनजन्य विपदबाट क्षति भएका निजि भवन (दर्ता नभएका) संरक्षण सम्वन्धमा ।

घ) वडा नं. ५, ६ र ८ को पशु चौपायाको क्षतिको राहत सम्वन्धमा ।

ङ) दोलखा स्ट्रीट फूड फेस्टिभल, २०८१ को आर्थिक सहयोग सम्वन्धमा ।

च) चौसट्टी शिव लिंग पुजा कार्यक्रम सम्वन्धमा ।

छ) विश्व शान्ति पुजा कार्यक्रम सम्वन्धमा ।

ज) साउनेपानी शहरी स्वास्थ्य केन्द्रको जग्गा प्राप्ति सम्वन्धमा ।

झ) आन्तरिक नियन्त्रण प्रणाली बमोजिम गठन समिति सम्वन्धमा ।

ञ) महिला आत्मनिर्भर कार्यक्रम सन्चालन सम्वन्धमा ।

ट) लिलाम सम्वन्धी सूचना प्रकाशन सम्वन्धमा ।

ठ) डिही फसिभै एकिकृत बस्तीको नापी सम्वन्धमा

ड) किड्नी डायलासिस सेवा सन्चालन सम्वन्धमा ।

ढ) न्यायिक समितिबाट सम्पादित कार्यहरुको मापन सम्वन्धमा ।

ण) ५ नं, वडा कार्यालय,लाकुरी डाँडा स्वास्थ्य चौकी, टुडी खेलको मर्मत सम्वन्धमा ।

त) गन्तव्य भीमेश्वर पुन प्रकाशन सम्वन्धमा ।

थ) सोलार पार्क सम्भाव्यता अध्ययनको प्रक्रिया अगाडि बढाउने सम्वन्धमा ।

द) पिपलबोट रेडक्रस भवनको प्रक्रिया अगाडि बढाउने सम्वन्धमा ।

ध) प्रस्तावित बसपार्कको संक्षिप्त वातावरणीय अध्ययनको भुक्तानी सम्वन्धमा ।

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ४०औं बैठकका निर्णयहरु

मिति : २०८१/१२/०७ गते

निर्णय नं. १ : भीमेश्वर नगरपालिका वडा नं. ३ लामाचौरमा निर्माण हुने प्रस्तावित चरिकोट बसपार्क क्षेत्रको युनिभर्सल ईन्जिनियरिग कन्सल्टेन्ट एण्ड बिल्डर्स, तिलोत्तमा, रुपन्देहीले तयार गरी पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं, २ : नेपाल सरकार, शहरी विकास मन्त्रालयबाट यस नगरपालिकामा चरिकोट बसपार्क निर्माणका लागि आर्थिक वर्षको अन्त्यतिर वितिय हस्तान्तरण स्वरूप १,५३,००,०००/- (एक करोड त्रिपन्न लाख) रकम प्राप्त भएको र यसै आ.व. मा खर्च गरीसक्नुपर्ने भएको, उक्त प्रस्तावित बसपार्क क्षेत्रको संक्षिप्त वातावरणीय अध्ययन समेत स्वीकृत भएको, विगत लामो समय देखि बसपार्कको पहुँचमार्ग लगायत अन्य पूर्वाधार समेत निर्माण हुदै आएकोमा त्यस क्षेत्रमा रहेका रुख बिरुवाहरु हानि नोक्सानी नहुने गरी बसपार्क पूर्वाधार निर्माण र वसपार्कको जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ३ : आर्थिक वर्ष २०८१/०८२ का लागि स्वास्थ्य केन्द्र पूर्वाधार शीर्षकमा प्राप्त बजेटबाट तपसिल बमोजिम स्वास्थ्य पूर्वाधार निर्माणका लागि बिनियोजन गर्ने निर्णय गरियो ।

क) वडा नं. १ को सुष्पाक्षमावती स्वास्थ्य चौकी संरक्षण (पर्खाल लगाउने कार्य) रु ५,५०,०००/- (पाँच लाख पचास हजार)

ख) वडा नं. ६ को आधारभूत स्वास्थ्य केन्द्र पूर्वाधार - रु ३२, २२,०००/- (बत्तीस लाख बाईस हजार)

ग) वडा नं. ५ को माटी स्वास्थ्य चौकी पूर्वाधार - रु ४०,००,०००/- (चालिस लाख)

निर्णय नं. ४ : भीमेश्वर नगरपालिका अन्तर्गत रहेको जल उपयोग व्यवस्थापन समितिको मिति २०८१/११/११ को बैठकको निर्णय अनुसार सोक्ला भ्याली खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा २, दर्फु सामुदायिक वन क्षेत्रमा रहेको मुहान दर्ता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५ : नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २६२, मिति २०८१/१०/२१ को पत्रानुसार सरकारी जग्गा उपयोग तथा निजी जग्गा प्राप्ति गर्ने सम्वन्धी पत्रानुसार यस नगरपालिकाको देहायका पूर्वाधार निर्माण गर्न सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ को दफा ४ (२) ग बमोजिम एवम् जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ (क) बमोजिम निजी जग्गा प्राप्तिका लागि नेपाल सरकारको स्वीकृति लिनुपर्ने

प्रावधान रहेकोले आवश्यक प्रक्रिया पूरा गरी जग्गा प्राप्ति गर्न र प्रक्रियामा जान तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो

तपसिल

संयोजक : श्री तारानाथ चौलागाईं, वडा अध्यक्ष, वडा नं. ४

सदस्य : श्री सम्वन्धित वडा अध्यक्ष

सदस्य : ई. श्री सुरेश राउत, शाखा प्रमुख, पूर्वाधार विकास तथा वातावारण व्यवस्थापन

सदस्य : श्री दिपेन्द्र कुमार यादव, अधिकृत छैटौं/सर्भे, नक्सा फाँट

सदस्य सचिव : श्री माधव प्रसाद सुबेदी, शाखा अधिकृत, प्रशासन शाखा प्रमुख

| क.स. | वडा | | कैफियत |
|---|---|---|---|
| १ | १ | थामी संग्रहालय, पानीघाट खेलमैदान, सुन्द्रावती मन्दिर क्षेत्र, भूमे मन्दिर साविक वडा नं. ८, गुम्फा पिकनिक स्पट (भ्यू टावर - तिलकपोखरी), थापन्थली स्टोन पार्क, देउराली पोखरी तथा पार्क | |
| २ | २ | चम्पुजा हरियाली पार्क, मन्जुश्री पार्क, भीमेश्वरउद्यान, ईन्द्रसिङदेव पार्क, माथिल्लो पोखरी, तल्लो पोखरी, जोलडुम खेलमैदान, चाथाली सामुदायिक भवन, माने च्यानडाँडा, | |
| ३ | ३ | चरिकोट बसपार्क एवम् उद्यान, भीमेश्वर रङ्गशाला, भीमेश्वर नगर कार्यपालिकाको कार्यालय भवन भीमेश्वर कभर्डहल, | |
| ४ | ४ | पाण्डव पार्क, वृन्दावन पार्क सेतीदेवी मन्दिर पार्क, ठुलीचौर खेल मैदान, ढल प्रशोधन केन्द्र, जलेश्वर मन्दिर, टहलेश्वर मन्दिर | |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

| | | | |
|---|---|---|---|
| ५ | ५ | बुढाभीमसेन खेलमैदान, मयुरपार्क, पिपलबोट घुम्ती क्षेत्र (रेडक्रस, जेष्ठनागरिक भवन, उद्यान), सातमुले सामुदायिक वन क्षेत्र, साउनेपानी शहरी स्वास्थ्य केन्द्र, किरातीछाप शहरी स्वास्थ्य केन्द्र, धरमघर सामुदायिक भवन, साइन्स पार्क, ५ नं. वडा कार्यालय, ईको पार्क, बिसुनटोल खेलमैदान, कमिनीचौर पार्क, | |
| ६ | ६ | भ्युटावर हरियाली पार्क, विश्व शान्ति बुद्व पार्क, मूलखर्क खेलमैदान, कालिन्चोक बाल विकास भवन, सिमपानी हल क्षेत्र, महिला सामुदायिक भवन, कुकुरगाडे, मलामी बिश्रामस्थल, च्यानडाँडा, बिसाउने आधारभूत स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, घ्यावापानी समाज विकास भवन, ६ नं वडा कार्यालय भवन क्षेत्र, महांकाल आधारभूत विद्यालय क्षेत्र, सांगदोपल गुम्बा क्षेत्र, बहुसाँस्कृतिक संग्रहालय भवन क्षेत्र, रामकोट समाज विकास भवन, चितामथली तिन धारा पितृ कार्य भवन, रामकोट पितृ कार्य भवन, सरसफाई ज्ञान केन्द्र, ढल प्रशोधन केन्द्र , भीनपा ४ र ६ मूलखर्क ग्रिन ताल, खोर्थली पिकनिक स्पट | |
| ७ | ७ | कृषि उपज भवन केन्द्र, ओखे खेल मैदान, हात्तीछहरा पर्यटकीय क्षेत्र, साखिने शहरी स्वास्थ्य | |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... नेपाल

| | | | |
|---|---|---|---|
| | | केन्द्र, काउले खेलमैदान, देउराली पर्यटकीय पार्क उखुबारी शहरी स्वास्थ्य केन्द्र, चर्नावती पार्क क्षेत्र | |
| ८ | ८ | चर्नावती पार्क क्षेत्र, भित्तेरी खेलमैदान, ढाडे खेलमैदान, रष्टिक भवन क्षेत्र, | |
| ९ | ९ | घुम्ती सामुदायिक भवन, माने सामुदायिक भवन, महिला कोसेली भवन क्षेत्र, हल्हले खेलमैदान, छिन्के सामुदायिक भवन तथा वहुउदेश्यीय पार्क क्षेत्र, गुरास पार्क, पोखरे बाहुनकाटे चौर क्षेत्र, एक्लेचौर क्षेत्र, लिसेपानी माझगाउँ खेलमैदान, एक्लेपाखा पात्ले पोखरी सामुदायिक भवन क्षेत्र, पोखरे खोप केन्द्र, झिगान खोप केन्द्र | |

**निर्णय नं. ६ :** भीमेश्वर नगरपालिकाको बार्षिक योजना अन्तर्गत सामुदायिक वनहरुको कार्ययोजना अद्यावधिक गर्नको लागि २,००,०००/- (दुई लाख रुपैया) विनियोजन गरिएको र भीमेश्वर नगरपालिका अन्तर्गत सामुदायिक वनहरुको कार्ययोजना अद्यावधिक गर्नको लागि सामुदायिक वन उपभोक्ता महासंघ, दोलखाबाट प्रस्ताव पेश भइ आएको हुँदा उक्त कार्यको सहजिकरणको लागि सामुदायिक वन उपभोक्ता महासंघ, दोलखालाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं . ७ :** सि. नं. ६९ को पशुपंक्षी औषधी खरिद कार्यक्रमबाट बचत हुन आएको रकमबाट थप औषधी खरिद गर्ने र शि. नं. ७० को कृत्रिम गर्भधान उपकरण खरिद कार्यक्रमको बाँकी रकमबाट पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं . ८:** नेपाल सरकारबाट हस्तान्तरित शसर्त अनुदान अन्तर्गत किसान सूचीकरण कार्यक्रम रु १,००,०००/- (एक लाख) रकम बिनियोजन भएको र बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम रु १,००,०००/- (एक लाख) बिनियोजन भएकोमा कुल रकम रु २,००,०००/- (दुई

लाख) बाट ४, ५ र ६ वडामा कार्यक्रम सन्चालन गर्ने र अघिल्लो वर्षमा छनौट भएका सम्बन्धित वडाका गणकहरुलाई सुचिकृत गरी उक्त कार्यक्रम सन्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास निर्देशनालय, हेटौडाको मिति २०८१/०१/०१ को पत्र तथा मिति २०८१/११/२८ गते प्रकाशित समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सन्चालनका लागि साझेदारी रकम यस नगरपालिकाको तर्फबाट साझेदारी गरी वडा नं. ४ मा आलु खेतीका लागि उक्त कार्यक्रम सन्चालन गर्ने गरी प्रस्ताव पत्र पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १० :** भीमेश्वर नगरपालिकाले तयार पारिएको तपसिलका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

क) कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८१
ख) भीमेश्वर नगरपालिकाको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

निर्णय नं. ११ यस नगरपलिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत वजेट तथा कार्यक्रम रकमान्तर/शिर्षकान्तर गरी कार्यान्वायन गर्ने र अनुमोदनका लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो

| क.स | सि.नं. | हालको शिर्षक | रकम | शिर्षकान्तर शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | २८८ | बिदुर पुरुष आयआर्जन कार्यक्रम, भीनपा १ | २,००,००/- | भाङ्ग्रा तालिम तथा कच्चा पदार्थ खरिद तालिम, भीनपा१ | १,००,०००/- |
| | | | | लामनागी आ.वि. शैक्षिक सामाग्री खरिद | १,००,०००/- |
| २ | ३१३ | रक्तकाली मन्दिर निर्माण | २,००,००० /- | वडा कार्यालय भल कुलो | २,००,०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आयोजना, भीनपा १ | | निर्माण, भीनपा १ | |
| ३ | | गुसेश्वर महादेव पाटी निर्माण, भीनपा १ | २,००,००० /- | टारी बाटो पक्की सिढी निर्माण, भीनपा १ | २,००,०००/- |
| ४ | २८२ | दलित आयआर्जन कार्यक्रम, भीनपा १ | ३,००,००० /- | वडा कार्यालय भौतिक पूर्वाधार निर्माण, भीनपा १ | ३,००,०००/- |
| | | युवा स्वरोजगार साझेदारी कार्यक्रम, भीनपा ४ | २,००,००० /- | जिलु सोलार बत्ती कार्यक्रम, भीनपा ४ | २,००,०००/- |
| | | पुवाले गोरेटो बाटो निर्माण | १,५०,००० /- | पुवाले खानेपानी मर्मत तथा व्यवस्थापन | १,५०,०००/- |
| ५ | ५४७ | महिला क्षमता विकास कार्यक्रम, भीनपा ९ | ४,००,००० /- | महिला कोसेली भवन स्तरोन्नति, भीनपा ९ | ४,००,०००/- |

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४०औं बैठकका निर्णयहरु
मिति : २०८१/१२/०७ गते

निर्णय नं. १२ (विविध)

क) भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित पशुपति मन्दिर परिसरमा निर्माणाधीन पूर्वाधार/भवन निर्माण तथा सौन्दर्यकरण कार्यक्रम अन्तिम चरणमा पुगेकोमा रङ्गरोगन कार्यका लागि नपुग हुने रकम सि.नं. २७७ बाट खर्च हुने गरी रु ५,००,०००/- (पाँच लाख) रकमान्तर गर्ने निर्णय गरियो ।

ख) नेपाल पर्यटन बोर्डको वार्षिक कार्यक्रम अनुसार भीमेश्वर नगरपालिकामा सोक्ला रक क्लाईम्बिङ महोत्सवको लागि बजेट विनियोजन भई सो को लागि भीमेश्वर नगरपालिकाबाट नेपाल पर्यटन बोर्डमा प्रस्ताव पत्र पेश गरे पश्चात नेपाल पर्यटन बोर्डबाट स्विकृत भई भीमेश्वर नगरपालिकाको कार्यालय र नेपाल पर्यटन बोर्डबीच सम्झौता समेत भईसकेको सन्दर्भमा उक्त कार्यक्रम सञ्चालनको लागि सोक्लाश्वरी पर्यटन विकास समाजले प्रस्ताव पत्र पेश गरेको हुँदा उक्त संस्थामार्फत कार्यक्रम सञ्चालन गराउने निर्णय गरियो ।

ग) मनसुनजन्य विपदबाट क्षति भएका निजी भवन सम्वन्धमा चैत्र मसान्तसम्म निर्माण सम्पन्न भएका निजी भवन संरचनाहरुको संरक्षण गर्न वडा समितिको निर्णय र सिफारिस एवम् वन, वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णयको आधारमा वडा बजेटबाट खर्च हुने गरी विपद व्यवस्थापन मापदण्ड बमोजिम राहत उपलव्ध गर्ने निर्णय गरियो । साथै मिति २०७९ साल साउन २२ गते राती अविरल वर्षात संगै खोर्थली मर्यागखोलाको पहिरो तथा बाढीको कारण वडा नं. २ रमिते डाँडा तथा चम्के डाँडास्थित घरहरुमा क्षति पुगेको र ती घरहरुको घरधनीहरु लाभग्राहीको रुपमा NDRRMA बाट लाभग्राही कायम भएको र मिति २०८० चैत्र २८ को जिल्ला प्रशासन कार्यालय, दोलखाबाट प्राप्त पत्र साथै मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ को परिच्छेद ३ को बुँदा नं. ५ (२), बुँदा नं. ६ (क)(ख) अनुसार तपसिल बमोजिमका लाभग्राहीहरुलाई नगरपालिकाको लागत सहभागिता रकम उपलव्ध गराउने निर्णय गरियो

| क्र. स. | लाभग्राही | प्रयोजन | जम्मा अनुदान रकम रु | नगरपालिकाको तर्फबाट लागत सहभागिता रकम रु |
|---|---|---|---|---|
| | | | | |

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ४०औं बैठकका निर्णयहरु

मिति : २०८१/१२/०७ गते

| | | | जग्गा | घर | जग्गा | घर |
|---|---|---|---|---|---|---|
| १ | गीता नेपाली | पुनर्स्थापना (एक घडेरी खरिद सहित) | ३ लाख | ५ लाख | ४५ हजार | नक्सा पास स्वीकृत पश्चात उपलब्ध गराउने |
| २ | जोस्ना नेपाली | पुनर्निर्माण | - | ५ लाख | - | |
| ३ | आनन्द नेपाली | प्रवलीकरण | - | ५० हजार | - | ७ हजार ५ सय |
| ४ | बिर्ष बहादुर श्रेष्ठ | प्रवलीकरण | - | ५० हजार | - | ७ हजार ५ सय- |

घ) वडा नं. ५, ६ र ८ को पशु चौपायाको क्षतिको राहत कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८१ बमोजिम राहत प्रदान गर्ने निर्णय गरियो ।

ङ) मिति २०८१ साल चैत्र ३१, २०८२ बैशाख १ र २ गते (३ दिन) चेम्वर अफ कमर्स, दोलखाको आयोजनामा दोलखा फूड स्ट्रिट फेस्टिवल, २०८१ सन्चालनका लागि सि.नं. १७४ बाट रु २,००,०००/- (दुई लाख) उपलव्ध गराउने निर्णय गरियो ।

च) भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित पशुपति मन्दिरमा सन्चालन हुने चौसट्ठी शिव लिंग पूजा मन्त्र जप कार्यक्रम सन्चालन गर्न सि.नं. १७४ बाट रु ५०,०००/- (पचास हजार) पशुपति मन्दिर संरक्षण समिति, चरिकोट, दोलखालाई उपलव्ध गराउने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४०औं बैठकका निर्णयहरु
मिति : २०८१/१२/०७ गते

छ) भीमेश्वर नगरपालिका ३ स्थित भीमेश्वर रङ्गशालामा सन्चालन हुने १० करोड मन्त्र जप तथा विश्व शान्ति पुजा कार्यक्रम सन्चालनका लागि सि.नं. १५६ बाट रु १,००,०००/- (एक लाख) छाम्बा गुम्बा तथा यार्जांग गुम्बा व्यवस्थापन समितिलाई उपलव्ध गराउने निर्णय गरियो ।

ज) भीमेश्वर नगरपालिका वडा नं. ५ स्थित साउनेपानीमा शहरी स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि प्रदेश सरकारबाट बजेट विनियोजित भईसकेको र उक्त स्थानमा जग्गा दान दिनका लागि भीनपा ५ बस्ने सिताराम सुवेदीको नाममा रहेको कि.नं. १०५२, क्षेत्रफल ६०० ब.मी. मध्येबाट ५३६.२५ ब.मी. र हरिहर सुवेदीको नाममा रहेको कि.नं. ११७४, क्षेत्रफल ८५५ व.मी. मध्येबाट २२७ व.मी. भएको जग्गा यस कार्यालयको नाममा निशुल्क जग्गा दान लिन अनुरोध भई आएकोले उक्त जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

झ) भीमेश्वर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१ को दफा २६ अनुसार गठित आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समितिको पदाधिकारीमा कार्यपालिकाको सदस्यमध्ये १ जना महिला सहित प्रमुख निर्वाचन भएको राजनीतिक दल भन्दा अन्य दलको १ जना सदस्य गरी कार्यपालिकाले तोकेको २ जना सदस्य रहने व्यवस्था गरिएको हुँदा देहायको व्यक्तिलाई उक्त अनुगमन समितिको प्रतिनिधि तोक्ने निर्णय गरियो ।

क) स्टालिन श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. २

ख) श्री सुशिला थापा, कार्यपालिका सदस्य

ञ) भीमेश्वर नगरपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत महिला आत्मनिर्भर कार्यक्रम सन्चालनका लागि क्षमता विकास तालिम तथा उद्यम विकास कार्यक्रम गर्न सेवाप्रदायक संस्था छनौटका लागि ७ (सात दिने) सूचना प्रकाशन गर्ने तथा नगरपालिकाको तर्फबाट कार्यक्रम संयोजन तथा व्यवस्थापनका लागि तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक : श्री मुना श्रेष्ठ, कार्यपालिका सदस्य

सदस्य : श्री नारायण प्रसाद सेढाई, वरिष्ठ शाखा अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४०औं बैठकका निर्णयहरु
मिति : २०८१/१२/०७ गते

सदस्य : श्री शान्ती आचार्य, कृषि अधिकृत

सदस्य : डा. निशान दाहाल, पशु विकास अधिकृत

सदस्य सचिव : श्री सुर्जा दाहाल, अधिकृत

ट) भिमेश्वर नगरपालिकामा रहेको निम्नानुसारको सवारी साधन मर्मत गरी सन्चालन गर्न नसक्ने अवस्थामा रहेकोले जिन्सी निरीक्षण प्रतिवेदनबाट उक्त सवारी साधनहरु लिलाम गर्न सिफारिस भई आएकोले उल्लिखित सवारी साधनहरुको लिलाम प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१) ना २ त २९२७ ट्याक्टर

२) बा १ झ ७२३० ल्याण्डक्रुजर गाडी

३) बा १ ग २९३० सक्सन ट्यांकी

ठ) भीमेश्वर नगरपालिका वडा नं. ४ स्थित डिही फसिभै एकिकृत वस्तीको नापी तथा वृहत गुरुयोजना तयार गर्नका लागि परामर्श सेवा खरिद गर्न सि.नं. २३६ बाट खर्च गर्ने गरी रु ७,००,०००/- (सात लाख) बिनियोजन गर्ने निर्णय गरियो ।

ड) भीमेश्वर नगरपालिकाबाट निर्माण भएको १५ सैयाको चरिकोट अस्पताल भवनबाट किड्नी डायलासिस सेवा सन्चालन गर्न आवश्यक पार्केटिंग तथा अल्म्युनियम वार लगाउने कार्यका लागि सि.नं. २४० र २४१ बाट रु १०,००,०००/- (दश लाख) बिनियोजन गर्ने निर्णय गरियो ।

ढ) न्यायिक समितिको रायको सन्तुष्टि मापन सम्वन्धमा भिमेश्वर नगरपालिका, न्यायिक समितिबाट सम्पादित कार्यहरु र मिलापत्रबाट पक्षहरुको सन्तुष्टिस्तर मापन गर्नुपर्ने भएको हुँदा उक्त अध्ययन कार्य अगाडि बढाउनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ण) ५ नं. वडा कार्यालय र स्वास्थ्य चौकी, लाकुरीडाँडाको नयाँ भवनमा कार्यालय व्यवस्थापन गर्न र भीमेश्वर रङ्गशाला (टुडीखेल) मा बत्ती र पानी व्यवस्थापन गर्न सि.नं. १९९ बाट प्राविधिक मूल्यांकन बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४०औं बैठकका निर्णयहरु
मिति : २०८१/१२/०७ गते

त) भीमेश्वर नगरपालिकाले तयार परेको गन्तव्य भिमेश्वर पुस्तिका अद्यावधिक गरी प्रकाशन गर्न सि.नं. २७ बाट रु ५,००,०००/- (पाँच लाख) खर्च गर्ने निर्णय गरियो ।

थ) भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सि.नं. २२० सोलार पार्क सम्भाव्यता अध्ययनका लागि भीनपा २ को गुमडाँडा र भीनपा ७ को औद्योगिक ग्राम क्षेत्र छनौट गर्ने र सो कार्यका लागि कार्यालयबाट तयार भएको कार्यक्षेत्रगत शर्त स्वीकृत गर्ने तथा परामर्श खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दुने निर्णय गरियो ।

द) भीमेश्वर नगरपालिका वडा नं. ५ स्थित पिपलबोट क्षेत्रमा विगतमा निर्माण शुरु भएको नेपाल रेडक्रस सोसाईटी, पिपलबोट उपशाखाको कार्यालय भवन निर्माण गर्न यस नगरपालिकाको स्वीकृत आयोजनामा रु १०,००,०००/- बिनियोजन भएको, उक्त भवन निर्माण कार्यका लागि सिमपानी खहरे सामुदायिक वन उपभोक्ता भेला तथा वैठकबाट समेत सिफारिस भई आएकोले भवन निर्माण कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ध) यस नगरपालिका वडा नं. ३ लामाचौरमा प्रस्तावित बसपार्क क्षेत्रको संक्षिप्त वातावरणीय अध्ययनको भुक्तानीको लागि सि.नं. १९५ बाट रु २,२६,०००/- (दुई लाख छब्विस हजार) रकमान्तर गर्ने निर्णय गरियो ।

कमला बस्नेत
उप-प्रमुख

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

पुष्पेश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३